गाउँ रा‍प्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुसरिवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३
बैठक नं.-२७
मिति २०८३।०३।३१

**मिति २०८३।०३।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

१. विगतको कार्यपालिकाको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. कर्मचारीहरूको तलब वृद्धि सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को वार्षिक समीक्षा र सार्वजनिक सुनुवाइको मिति तय गर्ने सम्बन्धमा।
४. ग्राभेलको मूल्य निर्धारण सम्बन्धमा।
५. सडक मर्मत-सम्भार सम्बन्धमा।
६. ठेक्का नं. RRM/NCB/G/07/2082/083 को म्याद थप सम्बन्धमा।
७. सार्वजनिक सडक तथा सडक पेटीमा राखिएका निर्माण सामग्रीहरू हटाउने सम्बन्धमा।
८. अव्यवस्थित विद्युत् पोलहरू हटाउने/स्थानान्तरण गर्ने सम्बन्धमा।
९. कर्मचारी आवास व्यवस्थापन सम्बन्धमा।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं.-२७
मिति २०८३।०३।३१

**मिति २०८३।०३।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु।**

**निर्णय नं.१**-यस अघिका कार्यपालिका वैठकको समिक्षा गरियो ।

**निर्णय नं.२**- राप्ती गाँउपालिकाको स्वीकृत दरबन्दिमा कार्यरत कर्मचारीको सेवा सुविधा तथा तलव वृद्धि,स्थायी कर्मचारीको हकमा संघीय सरकारको वजेट तथा कार्यक्रम बमोजिम तलव १०%,कार्यसम्पादनमा आधारीत प्रोत्साहन(१०%) गरि जम्मा २१% र स्थानीय तहको मातहतमा करार सेवामा कार्यरत कर्मचारीको हकमा एकमुष्ठ १०% ले वृद्धि गर्ने । साथै न्युन तलब भएका गाउँपालिकामा कार्यरत केहि श्रेणी विहिन कर्मचारी तथा हलुका सवारी चालक हरुको तलब १० प्रतिशत वृद्धि गर्दा मासिक रु २४,०००।– भन्दा कम नहुने गरी निजहरुको जम्मा मासिक तलब रु २४,०००।-कायम गर्ने।

**निर्णय नं.३** राप्ती गाँउपालिकाको आ.ब.२०८२।८३ को वार्षिक प्रगति समिक्षा मिति २०८३।०४।१२ गते र सार्वजनिक सुनुवाई २०८३।०४।१४ गते राप्ती गाँउपालिकाको हलमा सम्पन्न गर्ने।

**निर्णय नं.४**-विभिन्न मितिमा चोरी निकासीको क्रममा जफत भएको र गाँउपालिका परिसरमा स्टक भएको नदिजन्य पदार्थ (ग्राभेल)लाई न्युनतम प्रति घनफिट रु ८ कायम गरी पालिका भित्रका सडक मर्मत कार्यमा प्रयोग गर्ने साथै आ.व.२०८२।८३ मा गाँउपालिकाले राप्ती नदिको विभिन्न घाटवाट संकलन गरी घाट गद्दि गरेको नदिजन्य घाटगद्दि खर्च रु ७.४५।– र न्युनतम रोयल्टी रु ८ गरी जम्मा प्रति घनफिट रु १५.४५।– विक्री मूल्य निर्धारण गर्ने।

**निर्णय नं.-५** हाल लगातारको वर्षाद्का कारण यस राप्ती गाउँपालिकाका पहाडी क्षेत्रहरूमा बिग्रिएका तथा अवरुद्ध भएका सडकहरू तत्काल मर्मत सम्भार गरी यातायात सेवा सुचारु गर्नका लागि बढीमा १ (एक) महिना अवधिसम्मका लागि दैनिक ज्यालादारीमा कुल १५ (पन्ध्र) जना कामदार खटाई काम गराउने निर्णय गरियो। जस अन्तर्गत वडा नं. १ मा २ जना, वडा नं. २ मा ३ जना, वडा नं. ५ मा ३ जना र वडा नं. ९ मा ७ जना कामदारका दरले आवश्यकताका आधारमा काम सम्पादन गर्नुपर्ने स्थान र क्षेत्रको पहिचान गरी सम्बन्धित वडा कार्यालयले प्राविधिक कर्मचारीको प्रत्यक्ष निगरीनी तथा ईष्टिमेट गरी वडा कार्यालयको प्रत्यक्ष अनुगमनमा सडक मर्मतको कार्य गराउने। यसरी काममा लगाईएका कामदारको पारीश्रमिक भुक्तानी गर्दा कार्य सम्पादन प्रतिवेदन(प्रगति विवरण)का आधारमा गर्ने।

**निर्णय नं.-६** राप्ती गाउँपालिका र आपूर्तिकर्ता नेपाल ऊर्जा विकास कम्पनी प्रा.लि., काठमाडौँ बीच फोहोरमैला व्यवस्थापनका लागि आवश्यक सेग्रीगेसन मेसिन खरिद, ढुवानी, जडान तथा सञ्चालन गर्न मिति २०८२/१२/०१ गते सम्झौता भएको थियो। उक्त कार्य मिति २०८३/०२/३० गतेभित्र सम्पन्न गर्ने गरी भएको सम्झौता **(Procurement, Supply, Installation and Commission of Solid Waste Segregation Machine, Contract No: RRM/NCB/G/07/2082/083)** बमोजिम तोकिएको समयसीमाभित्र आपूर्तिकर्ताले मेसिनरी सामग्री आपूर्ति गर्न नसकी म्याद थपका लागि निवेदन पेस भएको सम्बन्धमा प्राप्त निवेदन र कार्य प्रगतिको समीक्षा गर्दा, आपूर्तिकर्ताबाट पछि थप कुनै पनि प्रकारको आर्थिक दाबी वा अन्य सुविधा माग गर्न नपाउने शर्त बन्देजको पालना गर्ने गरी, कार्य सम्पन्न गर्नका लागि **मिति २०८३ साल भाद्र मसान्तसम्म** सम्झौताको म्याद थप गर्ने साथै, उक्त कार्य सम्पन्न तथा स्वीकार भएपश्चात् गरिने भुक्तानीका लागि चालू आ.व.२०८३।०८४ को स्वीकृत वजेटमा उक्त शीर्षकमा रकम विनियोजन नभएको हुदाँ गाँउसभावाट श्रोत व्यवस्था भए पश्चात मात्र भुक्तानी गर्ने।

देवि... पाठक
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३
बैठक नं.-२७
मिति २०८३।०३।३१

**निर्णय नं.-७** राप्ती गाउँपालिका क्षेत्रभित्रका मुख्य सडक तथा सडक पेटीमा जथाभाबी राखिएका निर्माण सामग्रीहरू हटाउनका लागि सार्वजनिक सूचना जारी गर्ने र म्यादभित्र नहटाएमा गाउँपालिकाले नियमानुसार कारबाही गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.-८** गाँउपालिका भित्रका विभिन्न सडकहरुमा रहेका विधुतका पोलहरु हटाउनका लागी विद्युत प्राधिकरण लमहि शाखाको समन्वयमा हटाउने कार्य गर्ने र सो को खर्च आ.ब.२०८३।८४ को सडक लगाएत सार्वजनिक पुर्वाधार मर्मत संभार शिर्षकवाट भुक्तानी गर्ने।

**निर्णय नं.-९** गाँउपालिकाको पुरानो प्रशासकिय भवनलाई कार्यालयलाई आवश्यक परेका वखत खाली गर्ने गरी हाल कर्मचारी आवासको रुपमा प्रयोग गर्ने।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत